## जिल्ला विपद् व्यवस्थापन समितिको २०७८।०८।२० गतेको बैठकका निणर्यहरु :

निर्णय नं. १

नेपाल सरकार गृह मन्त्रालय विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा बाट मिति २०७८/०८/०२ मा प्राप्त नीति निर्देशनहरुको समिक्षा गरी कार्यन्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. २

कोभिड १९ को महामारीको जोखिमलाई समेत ध्यानमा राखी स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्दै चिसो बाट हुने संम्भावित जोखिमलाई न्यूनिकरण गर्न पूर्वतयारी, राहत उद्धार तथा पुनरुथापना कार्यमा सवै सरोकारवाला निकाय संलग्न हुने निर्णय गरियो ।

निर्णय नं. ३

स्थानिय सरकार, स्थानीय विपद् व्यवस्थापन समिति, सुरक्षा निकायहरु, नेपाल रेडक्रस सोसइटी जिल्ला शाखा तथा उप शाखा, कोशी पिडित समाज र NGO लगायतका निकायहरुसँग समन्वय गरी चिसोबाट हुन सक्ने संम्भावित जोखिम न्यूनिकरणका लागि पूर्वतयारीमा जुट्ने निर्णय गरियो ।

निर्णय नं. ४

शितलहरबाट प्रभावित बिपन्न जनतालाई न्यानो कपडा,कम्बल जिल्ला विपद व्यबस्थापन र स्थानीय विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराउन बिभिन्न संघ सस्थाहरुलाई अनुरोध गर्ने साथै शितलहरको समयममा चोक-चोकमा आगो बाल्नको लागि दाउरा उपलब्ध गराउन डिभिजन वन कार्यालयलाई अनुरोध गर्ने र शितलहर बाट जोगिने उपायको बारेमा सन्देशमुलक जनचेतनाबाट नागरिकहरुलाई सबै गा.पा./न.पा र सरोकारवालाले सचेत र सतर्क गराउने निर्णय गरियो।

निर्णय नं. ५

सबै गा.पा./न.पा ले आगलागी बाट जोगिन सर्वसाधारणलाई सन्देशमुलक सूचना प्रबाह गर्ने साथै दमकल मर्मत सम्भार गरी सबै गा.पा./न.पा.ले Standby राख्न अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ६

बेमौसमी बर्षाको कारणले धान खेतीमा भएको क्षतिले किसानहरु मर्माहित भएको र गहुँ खेतिको सिजनमा प्रयाप्त मलखाद उपलब्ध हुन नसक्दा अझ बढी प्रभावित हुने भएको हुदा यस जिल्लामा आपूर्तिहुने मलखादको परिमाण थप गर्न सङ्घीय पसुपंशी तथा कृषि मन्त्रालय र प्रादेशिक मन्त्रालयमा अनुरोध निर्णय गरियो।

निर्णय नं. ७

यस भन्दा पूर्व-गठित समितिलाई यथाशिघ्र प्रतिवेदन पेस गर्न निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. ८

यस वर्ष शितलहर तथा चिसो सुरुवात भैसकेको छ । चिसो बाट प्रभावित हुने र हुन सक्ने विपन्न समुदाय एवं वस्तीहरुको पहिचानगर्ने तथा उक्त वस्तीहरुमा प्रभावित हुन सक्ने परिवारहरु मध्ये पनि अति विपन्न परिवार, न्यानो कपडा नभएका, दीर्घरोगी, अपाङ्गता भएका व्यक्ति, सुत्केरी / गर्भवती महिला तथा जेष्ठ नागरिकहरु चिसोको समयमा बढी जोखिममा पर्नसक्ने (संकटासन्न) व्यक्ती तथ्याङ्क अनुसूची १ बमोजिम यहि मिति २०७८ मंसिर ३० गते सम्म जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउन अनुरोध गर्ने निर्णय गरियो ।

अनुसूची १

| सिनं | स्थानिय तह | वडा नं | समुदायको नाम | घर मुलिको नाम | संकटासन्न व्यक्तीको नाम | संकटासन्न भएको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

निर्णय नं. ९

पहिचान भएका अतिविपन्न व्यक्ति तथा परिवारलाई अत्यावश्यक पर्ने राहत सामाग्री उपलब्ध गर्ने गराउने यस्तो राहत उपलब्ध गराउदा स्थानीय आपुर्तिकर्ता (निजी वा सरकारी) सँग संझौता गरी पुनर्भरण (Replenish) को आधारमा Standby Arrangement गर्ने । ( सामाग्री वितरण गर्नु नपरेमा रकम खर्च नहुने गरी संझौता गर्ने ) निर्णय गरियो ।

निर्णय नं. १०

शितलहर तथा चिसो वाट हुन सक्ने क्षतिलाई न्यूनिकरण तथा व्यवस्थापन गर्नका लागि जिल्लाको शितलहर आकास्मीक योजनाको पहिलो  अद्यावधिक २०७८ स्वीकृत  गरि कार्यान्वयन गर्ने निर्णय गरियो । साथै जिल्ला स्तरको शितलहर आकस्मिक योजनाको आधारमा स्थानीय तहगत योजना समेत बनाई कार्यान्वयन गर्ने निर्णय गरियो

निर्णय नं. ११

नेपाल रेड्क्रस सोसाइटीबाट जिल्ला प्रशासन कार्यालयमा रहेको जिल्ल्ला आपतकालीन कार्यसंचालन केन्द्र (DEOC) मा गत २०७७ साल असार देखि सूचना ब्यवस्थापन अधिकृतको जिम्मेवारी दिई विपद ब्यवस्थापन मा महत्वपूर्ण भूमिका निर्वाह गर्न खटाउनु भएकोमा  नेपाल रेड्क्रस सोसाइटीलाई स-धन्यवाद दिने।

साथै जिल्ल्ला आपतकालीन कार्यसंचालन केन्द्र (DEOC) मा विपद ब्यवस्थापन कार्यमा महत्त्वपूर्ण भूमिका रहने हुदा सूचना ब्यबस्थापन अधिकृतको लागि सम्बन्धित निकायहरु संग आवश्यक समन्वय तथा सहकार्य गरी निरन्तरता दिन नेपाल रेड्क्रस सोसाइटी तथा अन्य निकायलाई  अनुरोध गर्ने  निर्णय गरियो ।

निर्णय नं. १२

कुहिरो तथा हुस्सु लागेको समयमा सम्भावित सवारी दुर्घटनाको जोखिम न्यूनीकरण गर्न ट्राफिक प्रहरी कार्यालयले सचेतना अभियान संचालन  गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

शितलहर सम्बन्धि पुर्व सूचना समुदाय सम्म पुर्याउन सकिएमा  मानविय क्षती कम गर्न सकिने विषयलाई मध्येनजर गर्दै सवै समुदायसँगको पहुच माध्यम, सञ्चार मिडियाहरु, एफ.एम.रेडिया तथा पत्रिकाहरु हुनेहुदा विपद पूर्वतयारी तथा प्रतिकार्य सम्वन्धि सुचनाहरु शितलहर अवधिभर जनहितमा प्रकाशन गरिदिनको लागि पत्रकार महासंघ ससरी शाखा मार्फत सवै संञ्चार माध्यमहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

विपद प्रभावित किसान तथा अन्य क्षेत्रलाई मध्येनजर गरी जोखिम हस्तान्तरणका निमित्त यस जिल्लामा कृषि तथा अन्य विमा गर्ने विमा कार्यालय स्थापनाका लागि सम्बन्धित निकायलाई  अनुरोध गर्ने निर्णय गरियो ।